पोखरा महानगरपालिका

# स्थानीय राजपत्र

वर्ष : ३ पोखरा खण्ड : ३२ २०७७।०१।१९

## भाग २

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा २ बमोजिम पोखरा महानगरपालिकाको नगर कार्यापालिकाले जारी गरेको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**पोखरा महानगरपालिका स्वास्थ्य संस्था दर्ता, नविकरण, स्तरोन्नती तथा सेवा थप सम्बन्धी कार्यविधि २०७५ मा संसोधन**

## संसोधन प्रस्ताव

## पोखरा महानगरपालिका स्वास्थ्य संस्था दर्ता, नविकरण, स्तरोन्नती तथा सेवा थप सम्बन्धी कार्यविधि २०७५ मा संसोधन

### परिच्छेद– २ दफा ४(२) मा संसोधन

(२) दफा (१) बमोजिम प्राप्त निवेदन नगर कार्यपालिकाले निवेदन प्राप्त मितीले १५ दिन भित्र अनुसुची १ "ख" बमोजिमको समिति मार्फत स्थलगत अनुगमन गराउनु पर्नेछ ।

**परिच्छेद– २ दफा ४(३) मा संसोधन :–** दफा ४ (२) बमोजिम को अनुगमन समितिले पन्ध्र कार्यदिन भित्र स्थलगत निरिक्षण गरी सेवा सञ्चालन गर्न उपयुक्त भए नभएको राय सहितको प्रतिवेदन अनुसुची १ बमोजिमको दर्ता नविकरण, स्तरोन्नती तथा सेवा थप सम्बन्धी सिफारिस समिति समक्ष पेश गर्नुपर्ने छ ।

दफा ४(३)थप : पुर्व स्वीकृती लिन पर्ने ।

दफा ४.१ बमोजिम सञ्चालनका लागि दर्ता हुन आएका स्वास्थ्य संस्थाहरुले भौतिकपुर्वाधार निर्माण, जनशक्ति तथा उपकरण व्यवस्थापन प्रयोजनका लागी महानगरपालिकाबाट पुर्व स्वीकृती लिनुपर्नेछ । यस्तो स्वीकृती यसै कार्यविधी अनुसार सेवा सञ्चालन अनुमति प्रदान गर्ने प्रकृया पुरा गरि बढिमा ६ महिनाका लागि दिन सकिनेछ ।

दफा ४(३) बमोजिमको सिफारिस समितिबाट प्राप्त निर्णय तथा प्रतिवेदनको आधारमा यस कार्यविधिमा उल्लेखित अन्य मापदण्ड पुरा गरेका स्वास्थ्य संस्थालाई नगर प्रमुखले बढीमा २ वर्षका लागि सेवा सञ्चालन अनुमती दिन सक्नेछ ।

### परिच्छेद– २ दफा ४(८) मा संसोधन :–

दफा (२) (३) र (५) बमोजिमको म्याद भित्र अनुगमन समितिले कार्य सम्पन्न नगरेमा वा समितिको प्रतिवेदन चित्त नबुझेमा नगर कार्यपालिका

समक्ष उजुर गर्न सक्नेछ । यसरी प्राप्त भएको उजुरी सम्बन्धमा नगर कार्यपालिकाले एक महिनाभित्र निर्णय गर्नेछ ।

परिच्छेद १२ (२८) हटाइएको

**अनुसुचि १ मा शंसोधन :**

स्वास्थ्य संस्थादर्ता, नविकरण तथा स्तरोन्नती अनुमतिको प्रयोजनको लागि सिफारिस समिति सम्बन्धी व्यवस्था : (परिच्छेद २ को दफा ४ (३) सँग सम्बन्धित)

| | |
|---|---|
| १. प्रमुख प्रशासकिय अधिकृत | संयोजक |
| २. शहरी पुर्वाधार महाशाखाका प्रमुख वा अधिकृत | सदस्य |
| ३. मेडिकल सुपरिटेन्डेण्ट शिसुवा अस्पताल | सदस्य |
| ४. नर्सिङ अधिकृत वा निरीक्षक | सदस्य |
| ५. आयुर्वेद चिकित्सक वा अधिकृत | सदस्य |
| ६. स्वास्थ्य महाशाखा प्रमुख | सदस्य सचिव |

समितिले आवस्यकता अनुसार सम्बन्धित विषयका विशेषज्ञलाई समितिका सदस्यका रुपमा थप गर्न, अनुगमनमा समावेश गर्न, तथा बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

अनुसुचि १(क) थप : (परिच्छेद –२ दफा ४ को २ सँग सम्बन्धित अनुगमन समितिमा रहने सदस्यहरु )

| | |
|---|---|
| १. स्वास्थ्य महाशाखा प्रमुख | संयोजक |
| २. स्वास्थ्य संस्था स्थापना हुन लागेको वडाका वडा अध्यक्ष वा अध्यक्षले तोकेको प्रतिनिधी | सदस्य |
| ३. चिकित्सक | सदस्य |
| ४. नर्सिङ अधिकृत/नर्सिङ निरीक्षक | सदस्य |

५. ईन्जिनियर सदस्य

६. विषय सँग सम्बन्धित अन्य विशेषज्ञ/ जनशक्ति सदस्य

७. स्वास्थ्य महाशाखाबाट तोकिएका हे.ई समुहको अधिकृत सदस्य सचिव

प्रमाणिकरण मिति : २०७७/०१/१९ गते
प्रकाशित मिति : २०७७/०२/२६ गते

आज्ञाले
प्रमुख प्रशासकीय अधिकृत